नेपाल सरकार

**ऊर्जा मन्त्रालय**

ऊर्जा मन्त्रालयबाट स्वीकृत मिति : २०६७।२।१४

## जलविद्युत आयोजनाको अनुमतिपत्र व्यवस्थापन सम्बन्धी (आन्तरिक) कार्यविधि, २०६७

**प्रस्तावना:** जलविद्युत आयोजनाको प्रवर्द्धन र विकास गर्नका लागि आवश्यक पर्ने अनुमतिपत्र सम्बन्धी आन्तरिक निर्णय प्रक्रियालाई सुधार गरी निर्णय प्रक्रिया अझै बढी व्यवस्थित, स्पष्ट र सरलीकृत बनाउन एवं छिटो छरितो ढंगले समयमै उपयुक्त निर्णय लिन सक्ने व्यवस्था गरी अनुमतिपत्र सम्बन्धी व्यवस्थापन प्रक्रियालाई पारदर्शी, प्रभावकारी र जवाफदेहीपूर्ण बनाउन आवश्यक देखिएकोले;

विद्युत नियमावली, २०५० को नियम ९४क. ले दिएको अधिकार प्रयोग गरी ऊर्जा मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** (१) यस कार्यविधिको नाम "जलविद्युत आयोजनाको अनुमतिपत्र व्यवस्थापन सम्बन्धी (आन्तरिक) कार्यविधि, २०६७" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यस कार्यविधिको प्रयोजनको लागि प्रस्तावित जडित क्षमताको आधारमा जलविद्युत आयोजनाहरुलाई निम्नानुसार वर्गीकरण गरिने छ :

(क) एक मेगावाटदेखि पच्चीस मेगावाटसम्मका जलविद्युत आयोजनाहरुलाई साना जलविद्युत आयोजना मानिने छ ।

(ख) पच्चीस मेगावाटदेखि एकसय मेगावाटसम्मका जलविद्युत आयोजनाहरुलाई मझौला जलविद्युत आयोजना मानिने छ ।

(ग) एकसय मेगावाटदेखि माथिका जलविद्युत आयोजनाहरुलाई ठूला जलविद्युत आयोजना मानिने छ ।

२. **साना जलविद्युत आयोजनाको अनुमतिपत्र व्यवस्थापन कार्यविधि (एक मेगावाटदेखि पच्चीस मेगावाटसम्मका)** :

(क) **सर्वेक्षणको अनुमतिपत्र दिने सम्बन्धी** : (१) एक मेगावाट देखि पच्चीस मेगावाटसम्मका जलविद्युत आयोजनाको विकास गर्न चाहने व्यक्ति वा संस्थाले विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र पाउनको लागि देहाय बमोजिमको विवरण र कागजात संलग्न गरी विद्युत विकास विभागमा दरखास्त दिनु पर्नेछ :

(क) विद्युत नियमावली, २०५० को अनुसूची–२ बमोजिमको ढाँचामा दरखास्त (विद्युत उत्पादन गर्ने क्षमता, माग गरेको सर्वेक्षण क्षेत्रको अक्षांश र देशान्तर समेत),

(ख) दरखास्तमा माग गरेको विद्युत उत्पादनको क्षमता अनुसारको अनुमतिपत्र दस्तुर बापतको धरौटी रकम बुझाएको सक्कलै रसिद,

(ग) Desk Study Reports (अध्ययन कार्यको Detailed Cost Breakdown र Works Schedule एवम् आयोजनाको Hydrological Analysis सहित)

(घ) संस्थाको नामबाट दरखास्त दिँदा सो संस्थाको दर्ता प्रमाणपत्र, प्रवन्धपत्र र नियमावली,

(ङ) आर्थिक क्षमता (कार्यविधि अनुसार),

(च) प्राविधिक क्षमता (कार्यविधि अनुसार),

(छ) १:२५,०००/१:५०,००० स्केलका नापी विभागद्वारा प्रकाशित स्थलरुपी नक्सा (ORIGINAL TOPO MAP) मा रेखांकन गरिएको अक्षांश देशान्तर खुलेको प्रोजेक्ट लेआउट,

(ज) संयुक्त उपक्रम (Joint Venture) द्वारा आयोजना विकास गर्ने भए सो सम्बन्धी समझदारी पत्र,

(झ) सम्पर्क गर्ने आधिकारिक व्यक्तिको विवरण, पत्राचार गर्ने स्पष्ट ठेगाना र प्रबर्द्धकको सम्पर्क फोन नं. (कार्यालय, निवास, मोबाइल), फ्याक्स नं., पो.व.नं., इमेल आदि,

(ञ) प्रबर्द्धकको तर्फबाट नियुक्त गरिएको अख्तियार प्राप्त व्यक्ति (Power of Attorney),

(ट) विद्युत उत्पादनको सर्वेक्षण (विस्तृत सम्भाव्यता अध्ययन र वातावरणीय अध्ययन) कार्यको कार्यतालिका (बढीमा दुई वर्षको हुनुपर्ने),

(२) सरकारले तयार गरेका तीनवटा गुरुयोजनाहरु (सप्तगण्डकी, कोशी र कर्णाली/महाकाली गुरुयोजना) मा पहिचान भएका मुख्य मुख्य आयोजनाहरुसँग तात्विकरुपले प्रतिकूल असर नपर्ने गरी इच्छुक प्रबर्द्धकबाट रीतपूर्वक परेको पहिलो दरखास्तले प्रक्रियागत कारवाहीको लागि पहिलो प्राथमिकता पाउनेछ ।

तर देहायको अवस्था रहेको देखिएमा प्राथमिकताको पछिल्लो क्रममा रहेका दरखास्त उपर कारवाही गर्न बाधा पर्ने छैन :

(क) पहिलो दरखास्तवालाले एक भन्दा बढी आयोजनाका लागि दरखास्त दिएको रहेछ भने त्यस्तो दरखास्तवालाले आवश्यक पर्ने आर्थिक हैसियत प्रमाणित गर्न नसक्ने भएमा,

(ख) पहिले नै कुनै आयोजनाको लागि अनुमतिपत्र प्राप्त गरेको तर उक्त आयोजनाको मनासिव माफिकको कार्य प्रगति गर्न नसकेको,

(ग) कसैले आयोजनाको अनुमतिपत्र लिएको तर आयोजना विकास गर्नु अगाडि उक्त अनुमतिपत्र बिक्री गरेको,

(३) कुनै दरखास्तवालाले कुनै आयोजनाको लागि अनुमतिपत्र प्राप्त गरिसकेको रहेछ र निजले थप कुनै आयोजनाको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिएको रहेछ भने निजको दरखास्त प्राथमिकताको क्रममा पहिलो भएको कारणले मात्रै निजको सर्वेक्षण अनुमतिपत्र प्राप्त गर्न सक्ने हक स्थापित भएको मानिने छैन ।

(४) कुनै आयोजना विकास गर्नको लागि दिएको दरखास्त अनुसार माग भएको सर्वेक्षण क्षेत्र अघि जारी भइसकेको अन्य अनुमतिपत्रको सर्वेक्षण क्षेत्रसँग दोहोरो परेमा उक्त दरखास्त उपर कारबाही गरिने छैन ।

तर आंशिक रुपमा दोहोरो परेमा दोहोरो नपरेको क्षेत्रमा आयोजना सम्भाव्य हुने भएमा मात्र कारबाही गर्न सकिनेछ ।

(५) प्रबर्द्धकबाट माग भएको सर्वेक्षण क्षेत्र अन्य आयोजनाको सर्वेक्षण क्षेत्रसँग दोहोरो पर्ने देखिएको तर जलस्रोतको उपयोग दोहोरो पर्ने नदेखिएमा पहिले अनुमतिपत्र लिएको आयोजनासँग समन्वय गर्ने शर्त राखी कारबाही गर्न सकिने छ ।

(६) प्रचलित कानून बमोजिम राष्ट्रिय निकुञ्ज, वन्य जन्तु आरक्ष वा संरक्षण क्षेत्र भित्र पर्ने आयोजनाको हकमा सर्वेक्षण अनुमतिपत्र जारी गरेको ६ महिनाभित्र वन तथा भू-संरक्षण मन्त्रालयबाट अध्ययनको सहमति लिई प्रबर्द्धकले विभागमा पेश गर्नु पर्ने छ । सो अवधिभित्र त्यस्तो सहमति पेश गर्न नसकेमा सो सर्वेक्षण अनुमतिपत्र रद्द हुनेछ । सर्वेक्षण अनुमतिपत्र जारी गर्दा अनुमतिपत्रमा नै यो शर्त उल्लेख गरिने छ ।

(ख) **<u>हाईड्रोलोजिकल तथ्याङ्क सम्बन्धी</u>** : (१) पहिलोपटक अनुमतिपत्र प्रदान गर्ने प्रयोजनको लागि प्रस्तावित आयोजनाको न्यूनतम जडित क्षमता यकिन गर्न दरखास्तवालाले उपलब्ध गराएको Hydrological Time Series Data को Probability या Exceedence 40% (Q40) लाई विद्युत विकास विभागले आधार बनाउने छ ।

(२) दरखास्तवालाले उपलब्ध गराएको तथ्यांकमा तात्विक फरक रहेको पाइएमा विद्युत विकास विभागले उपलब्ध भएको तथ्यांकलाई आधार मानी न्यूनतम जडित क्षमता कायम गर्न सक्नेछ । तर दरखास्तमा नै सो सीमाभन्दा कम क्षमता उल्लेख भएको भए त्यसैलाई नै मान्यता दिइने छ ।

(३) यसरी परिमार्जित जडित क्षमता दरखास्तमा उल्लेख भएको भन्दा बढी हुन आएमा नियमानुसारको अनुमतिपत्र दस्तुर बापतको धरौटी दरखास्तवालाबाट थप गर्न लगाई प्रक्रिया अगाडि बढाउनु पर्नेछ ।

(ग) **आर्थिक क्षमता सम्बन्धी:** (१) विद्युत विकास विभागले अनुमतिपत्र जारी गर्ने प्रयोजनको लागि संस्थाको हकमा प्रबर्द्धकको नेट वर्थ (Net Worth) लाई आधार मानी आयोजनाको लागत प्रति मेगावाट दश करोड रुपैयाँ कायम गर्नेछ ।

(२) प्रबर्द्धकले आयोजनाको कुल लागतको बीस प्रतिशत लगानी (Equity) को हिसाबले हुन आउने रकमको कम्तीमा पाँच प्रतिशत (अर्थात् कुल लागतको एक प्रतिशत) रकम बराबरको नेट वर्थ (Net Worth) रहेको प्रमाणित कागजात वा पछिल्लो दुई महिनासम्म कायम रहेको आधिकारिक तरल सम्पतिको विवरण (Liquid Asset Statement) विद्युत विकास विभाग समक्ष पेश गर्नु पर्नेछ ।

(३) प्रबर्द्धकले आफ्नो कायम रहेको नेट वर्थ (Net Worth) अनुमतिपत्र प्राप्त चार्टर्ड एकाउन्टेन्ट (Licensed Chartered Accountant) बाट प्रमाणित गरी पेश गर्नु पर्नेछ । यसका अतिरिक्त पछिल्लो वर्षको आधिकारिक लेखापरीक्षण प्रतिवेदन समेत संलग्न गरी पेश गर्नु पर्नेछ ।

(४) प्रबर्द्धक आफैँले आयोजना विकास गर्न नसक्ने भएमा अन्य इच्छुक प्रबर्द्धक वा लगानीकर्तासँग संयुक्त उपक्रम (JV) वा छुट्टै कम्पनी Special Purpose Vehicle (SPV) बनाई आर्थिक तथा प्राविधिक क्षमता प्रस्तुत गर्न सक्नेछ । त्यस्तो अवस्थामा प्रवर्द्धकले आपसी समझदारीपत्र (MOU) गरी त्यसको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

(५) एउटै व्यक्ति वा संस्थाले एक भन्दा बढी आयोजनाको लागि सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिएमा त्यस्तो दरखास्तवालाले माग गरेको थप आयोजना कार्यान्वयन गर्न सक्ने अतिरिक्त आर्थिक हैसियत (Cumulative Net Worth) स्पष्ट खुलेको कागजात पेश गर्नु पर्नेछ ।

(घ) प्राविधिक क्षमता सम्बन्धी : (१) प्रबर्द्धकले प्राविधिक क्षमता सम्बन्धी प्रमाण पेश गर्दा प्रचलित कानून अनुसार नेपालमा दर्ता भएको परामर्शदातृ संस्थासँगको सम्झौता वा सहमतिपत्र (MOU) वा आधिकारिक प्रतिवद्धता पत्र (Letter of Commitment) पेश गर्नु पर्नेछ ।

(२) खण्ड (१) बमोजिमको परामर्शदातृ संस्थासँगको MOU मा परामर्शदातृ संस्थाले नेपाल सरकारद्वारा स्वीकृत Guidelines for Study of Hydropower Projects, December 2003 अनुसार कार्य गर्ने प्रतिवद्धता व्यक्त गरेको हुनु पर्नेछ ।

(३) परामर्शदातृ संस्थाको उद्देश्यमा जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन गर्ने काम समेत उल्लेख गरेको हुनु पर्नेछ ।

(ङ) अनुमतिपत्र नवीकरण गर्ने सम्बन्धी : (१) प्रबर्द्धकलाई पहिलो पटक सर्वेक्षण अनुमतिपत्र जारी गर्दा एक वर्षको अवधिको लागि मात्र जारी गरिनेछ । सो अवधिभित्र प्रबर्द्धकले आयोजनाको Topographical Mapping, Surface Geological Mapping र Hydrological Study सम्बन्धी कार्य गर्नु पर्ने र त्यसको प्रगति प्रतिवेदन पेश गर्नु पर्ने छ ।

(२) अनुमतिपत्र प्राप्त गर्ने व्यक्ति वा संस्थाले सो अवधिभित्र गर्नु पर्ने प्रमुख कार्यहरुको लक्ष्य (Milestone) दरखास्त दिँदाको समयमा नै निर्धारण गरी पेश गर्नु पर्नेछ ।

(३) खण्ड (१) मा तोकिएको म्यादभित्र काम सम्पन्न हुन नसकेमा Topographical Mapping, Surface GeologicalMapping, Hydrological Study लगायतका कार्यहरुको प्रगति मूल्याङ्कन गरी थप एक/एक वर्षको लागि नवीकरण गर्न सकिनेछ । तर सर्वेक्षण अनुमतिपत्रको कूल अवधि पाँच वर्ष भन्दा बढी हुने छैन ।

(४) विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको नवीकरणको लागि अनुमतिपत्रको म्याद समाप्त हुनु अगावै दरखास्त दिनुपर्नेछ । अनुमतिपत्रको म्याद समाप्त भएको दुई महिनाभित्र नवीकरण गर्ने वा नगर्ने निर्णय हुने छ ।

(५) अनुमतिपत्र लिई सकेका प्रबर्द्धकको हकमा आयोजनाको पछिल्लो अवधिको कार्य प्रगतिको आधारमा अनुमतिपत्र नवीकरण गरिनेछ । आयोजनाको कार्य प्रगति नदेखिएमा त्यस्तो अनुमतिपत्र नवीकरण गरिने छैन ।

(६) आयोजनाको कम्तीमा Feasibility Study सम्पन्न गरी IEE/EIA को TOR स्वीकृत भएमा मात्र विद्युत सर्वेक्षणको अनुमतिपत्रको बिक्री वा हस्तान्तरण गर्ने स्वीकृति दिन सकिने छ ।

(च) दोश्रो पटक सर्वेक्षण अनुमतिपत्र दिन सकिने अवस्था: कुनै प्रवर्द्धकले अनुमतिपत्र नवीकरणको दरखास्त उक्त अनुमतिपत्र बहाल रहेको म्याद भित्रै दिन नसकी अनुमतिपत्र नवीकरण नभएमा एवं निजबाट पुन: नयाँ अनुमतिपत्रको लागी माग भई आएमा, निजको उक्त क्षेत्रमा पहिलो निवेदन भएमा, सम्पूर्ण प्रक्रिया पुरा भएको र विगतमा अनुमतिपत्र बहाल रहेको अवधिमा कार्य प्रगति पनि सन्तोषजनक पाइएमा नयाँ अनुमतिपत्र दिन सकिनेछ तर यस्तो अनुमतिपत्रको कुल अवधि गणना गर्दा पहिलो अनुमतिपत्रको अवधि पनि गणना गरी जम्मा ५ वर्ष अवधि ननाघिने गरी नयाँ अनुमतिपत्र प्रदान गर्न सकिने छ ।

(छ) उत्पादन अनुमतिपत्र दिन सकिने विशेष व्यवस्था : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सर्वेक्षण अनुमतिपत्रको अवधि पाँच वर्ष पुगेको, उत्पादन अनुमतिपत्रको लागि आवश्यक पर्ने सम्पूर्ण अध्ययन तथा कार्यविधि पूरा गरी विभागमा दरखास्त दिएको, Connection Agreement भइसकेको तर विद्युत खरिद सम्झौता भई नसकेको आयोजनाको हकमा प्रबर्द्धकले आयोजना निर्माणमा लैजान सक्ने अवस्था देखिएमा एक वर्षको अवधिभित्र विद्युत खरिद सम्झौता पेश गर्ने शर्त अनुमतिपत्रमा नै उल्लेख गर्ने गरी उत्पादन अनुमतिपत्र जारी गर्न सकिनेछ ।

(२) तर उत्पादन अनुमतिपत्र जारी भएको एक वर्षभित्र विद्युत खरिद सम्झौता पेश गर्न नसकेमा त्यस्तो उत्पादन अनुमतिपत्र स्वत: खारेज हुनेछ ।

(३) त्यस्तो आयोजना कुनै दायित्व तिर्नु बुझाउनु नपर्ने गरी स्वत: नेपाल सरकारको स्वमित्वमा आउनेछ ।

(४) नेपाल सरकारको स्वामित्वमा आएका त्यस्ता आयोजनाको विकास प्रतिस्पर्धाको माध्यमद्वारा गरिने छ ।

(ज) **विविध** : (१) एउटै प्रबर्द्धकले Cascade मा रहेका एकभन्दा बढी जलविद्युत आयोजनाहरुका लागि दरखास्त दिएको अवस्थामा एयधभच ज्यगकभ छुट्टाछुट्टै प्रस्ताव गरेको भए छुट्टाछुट्टै आयोजना मानी छुट्टाछुट्टै अनुमतिपत्र प्रदान गरिने छ ।

(२) सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिँदा अनुमतिपत्र दस्तुर बापतको धरौटी रकम बुझाएको सक्कल रसिद सोही दरखास्तसाथ अनिवार्य रुपले संलग्न गर्नु पर्ने छ । अनुमतिपत्र दस्तुर बापतको धरौटी रकम बुझाएको सक्कल रसिद दरखास्तसँगै संलग्न नगरिएको दरखास्त उपर कारवाही गरिने छैन ।

(३) सर्वेक्षण अनुमतिपत्रको लागि प्रबर्द्धकबाट राखेको धरौटी निजलाई अनुमतिपत्र दिन नसकिने भएमा वा प्रबर्द्धकले आफ्नो दरखास्त उपर कारबाही नगरी धरौटी रकम फिर्ता पाउँ भनी दरखास्त दिई धरौटी फिर्ता गर्न माग गरेमा निजको धरौटी रकम फिर्ता दिइने छ ।

(४) कसैले आयोजनाको क्षमता वृद्धिको लागि माग गरेमा सुरु जारी मितिदेखि नै क्षमता वृद्धि भएको मानी सो अनुसार अनुमतिपत्र दस्तुर असुल गर्नु पर्नेछ ।

(५) विद्युत नियमावली, २०५० को मिति २०६४।५।२४ को संशोधन हुनुभन्दा पहिले जारी अनुमतिपत्रको हकमा संशोधन बमोजिमकै अनुमतिपत्र दस्तुर लिइने छ ।

(६) विद्युत उत्पादनको अनुमतिपत्र जारी भई सकेका आयोजनाहरुको विद्युत खरिद सम्झौता रद्द भएको अवस्थामा उक्त उत्पादन अनुमतिपत्र रद्द गरिने छ ।

३. **<u>मझौला जलविद्युत आयोजनाको अनुमतिपत्र व्यवस्थापन कार्यविधि (पच्चीस मेगावाटदेखि एकसय मेगावाटसम्मका)</u>** :

(क) **<u>सर्वेक्षणको अनुमतिपत्र दिने सम्बन्धी</u>** : (१) पच्चीस मेगावाटदेखि एकसय मेगावाटसम्मका जलविद्युत आयोजनाको विकास गर्न चाहने व्यक्ति वा संस्थाले विद्युत उत्पादनको सर्वेक्षणको अनुमतिपत्र पाउनको लागि देहाय बमोजिमको विवरण र कागजात संलग्न गरी विद्युत विकास विभागमा दरखास्त दिनु पर्नेछ :

- (क) विद्युत नियमावली, २०५० को अनुसूची–२ बमोजिमको ढाँचामा दरखास्त (विद्युत उत्पादन गर्ने क्षमता, माग गरेको सर्वेक्षण क्षेत्रको अक्षांश र देशान्तर समेत),
- (ख) दरखास्तमा माग गरेको विद्युत उत्पादनको क्षमता अनुसारको अनुमतिपत्र दस्तुर बापतको धरौटी रकम बुझाएको सक्कलै रसिद,
- (ग) Desk Study Reports अध्ययन कार्यको Detailed Cost Breakdown र Works Schedule एवम् आयोजनाको Hydrological Analysis सहित)
- (घ) संस्थाको नामबाट दरखास्त दिँदा सो संस्थाको दर्ता प्रमाणपत्र, प्रवन्धपत्र र नियमावली,
- (ङ) आर्थिक क्षमता (कार्यविधि अनुसार),
- (च) प्राविधिक क्षमता (कार्यविधि अनुसार),
- (छ) १:२५,०००/१:५०,००० स्केलका नापी विभागद्वारा प्रकाशित स्थलरुपी नक्सा (ORIGINAL TOPO MAP) मा रेखांकन गरिएको अक्षांश देशान्तर खुलेको प्रोजेक्ट लेआउट,
- (ज) संयुक्त उपक्रम (Joint Venture) द्वारा आयोजना विकास गर्ने भए सो सम्बन्धी समझदारी पत्र,
- (झ) सम्पर्क गर्ने आधिकारिक व्यक्तिको विवरण, पत्राचार गर्ने स्पष्ट ठेगाना र प्रबर्द्धकको सम्पर्क फोन नं. (कार्यालय, निवास, मोबाइल), फ्याक्स नं., पो.व.नं., इमेल आदि,
- (ञ) प्रबर्द्धकको तर्फबाट नियुक्त गरिएको अख्तियार प्राप्त व्यक्ति (Power of Attorney),
- (ट) विद्युत उत्पादनको सर्वेक्षण (विस्तृत सम्भाव्यता अध्ययन र वातावरणीय अध्ययन) कार्यको कार्यतालिका (बढीमा दुई वर्षको हुनुपर्ने),

(२) सरकारले तयार गरेका तीनवटा गुरुयोजनाहरु (सप्तगण्डकी, कोशी र कर्णाली/महाकाली गुरुयोजना) मा पहिचान भएका मुख्य-मुख्य आयोजनाहरुसँग तात्विकरुपले प्रतिकूल असर नपर्ने गरी इच्छुक प्रबर्द्धक बाट रीतपूर्वक परेको पहिलो दरखास्तले कारवाहीको लागि पहिलो प्राथमिकता पाउनेछ । तर देहायको अवस्था

रहेको देखिएमा प्राथमिकताको अन्य क्रममा रहेका दरखास्त उपर कारवाही गर्न बाधा पर्नेछैन :

(क) पहिलो दरखास्तवालाले एक भन्दा बढी आयोजनाका लागि दरखास्त दिएको रहेछ भने त्यस्तो दरखास्तवालाले आवश्यक पर्ने आर्थिक हैसियत प्रमाणित गर्न नसक्ने भएमा ,

(ख) पहिले नै कुनै आयोजनाको लागि अनुमतिपत्र प्राप्त गरेको तर उक्त आयोजनाको मनासिव माफिकको कार्य प्रगति गर्न नसकेको,

(ग) कसैले आयोजनाको अनुमतिपत्र लिएको तर आयोजना विकास गर्नु अगाडि उक्त अनुमतिपत्र बिक्री गरेको,

(३) कुनै दरखास्तवालाले कुनै आयोजनाको लागि अनुमतिपत्र प्राप्त गरिसकेको रहेछ र निजले थप कुनै आयोजनाको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिएको रहेछ भने निजको दरखास्त प्राथमिकताको क्रममा पहिलो भएको कारणले मात्रै निजको सर्वेक्षण अनुमतिपत्र प्राप्त गर्न सक्ने हक स्थापित भएको मानिने छैन ।

(४) कुनै आयोजना विकास गर्नको लागि दिएको दरखास्त अनुसार माग भएको सर्वेक्षण क्षेत्र अघि जारी भइसकेको अन्य अनुमतिपत्रको सर्वेक्षण क्षेत्रसँग दोहोरो परेमा उक्त दरखास्त उपर कारबाही गरिने छैन ।

तर आंशिक रुपमा दोहोरो परेमा दोहोरो नपरेको क्षेत्रमा आयोजना सम्भाव्य हुने भएमा मात्र कारबाही गर्न सकिनेछ ।

(५) प्रबर्द्धकबाट माग भएको सर्वेक्षण क्षेत्र अन्य आयोजनाको सर्वेक्षण क्षेत्रसँग दोहोरो पर्ने देखिएको तर जलस्रोतको उपयोग दोहोरो पर्ने नदेखिएमा पहिले अनुमतिपत्र लिएको आयोजनासँग समन्वय गर्ने शर्त राखी कारबाही गर्न सकिने छ ।

(६) प्रचलित कानून बमोजिम राष्ट्रिय निकुञ्ज, वन्य जन्तु आरक्ष वा संरक्षण क्षेत्र भित्र पर्ने आयोजनाको हकमा सर्वेक्षण अनुमतिपत्र जारी गरेको ६ महिनाभित्र वन तथा भू-संरक्षण मन्त्रालयबाट अध्ययनको सहमति लिई प्रबर्द्धकले विभागमा पेश गर्नु पर्ने छ । सो अवधिभित्र त्यस्तो सहमति पेश गर्न नसकेमा सो सर्वेक्षण अनुमतिपत्र रद्द हुने छ । सर्वेक्षण अनुमतिपत्र जारी गर्दा अनुमतिपत्रमा नै यो शर्त उल्लेख गरिने छ ।

(ख) **हाईड्रोलोजिकल तथ्याङ्क सम्बन्धी** : (१) पहिलोपटक अनुमतिपत्र प्रदान गर्ने प्रयोजनको लागि प्रस्तावित आयोजनाको न्यूनतम जडित क्षमता यकिन गर्न दरखास्तवालाले उपलब्ध गराएको Hydrological Time Series Data को Probability of Exceedence 40% (Q40) लाई विद्युत विकास विभागले आधार बनाउने छ ।

(२) खण्ड (१) बमोजिम Q40 लाई आधार मानी क्षमता कायम गर्दा जडित क्षमता १०० मेगावाट भन्दा बढी हुन आएमा १०० मेगावाट भन्दा बढीको लागि निर्धारित कार्यविधि अनुसार कारवाही गर्नु पर्नेछ ।

(३) दरखास्तवालाले उपलब्ध गराएको तथ्यांकमा तात्विक फरक रहेको पाइएमा विद्युत विकास विभागले उपलब्ध भएको तथ्यांकलाई आधार मानी न्यूनतम जडित क्षमता कायम गर्न सक्नेछ । तर दरखास्तमा नै सो सीमाभन्दा कम क्षमता उल्लेख भएको भए त्यसैलाई नै मान्यता दिइने छ ।

(४) यसरी परिमार्जित जडित क्षमता दरखास्तमा उल्लेख भएको भन्दा बढी हुन आएमा नियमानुसारको अनुमतिपत्र दस्तुर बापतको धरौटी दरखास्तवालाबाट थप गर्न लगाई प्रक्रिया अगाडि बढाउनु पर्नेछ ।

(ग) **आर्थिक क्षमता सम्बन्धी** : (१) विद्युत विकास विभागले अनुमतिपत्र जारी गर्ने प्रयोजनको लागि संस्थाको हकमा प्रबर्द्धकको नेट वर्थ (Net Worth) लाई आधार मानी आयोजनाको लागत प्रति मेगावाट दश करोड रुपैयाँ कायम गर्नेछ ।

(२) प्रबर्द्धकले आयोजनाको कुल लागतको बीस प्रतिशत लगानी (Equity) को हिसाबले हुन आउने रकमको कम्तीमा पाँच प्रतिशत (अर्थात् कुल लागतको एक प्रतिशत) रकम बराबरको नेट वर्थ (Net Worth) रहेको प्रमाणीत कागजात वा पछिल्लो दुई महिनासम्म कायम रहेको आधिकारिक तरल सम्पतिको विवरण (Liquid Asset Statement) विद्युत विकास विभाग समक्ष पेश गरेको गर्नु पर्नेछ ।

(३) प्रबर्द्धकले आफ्नो कायम रहेको नेट वर्थ (Net Worth) अनुमतिपत्र प्राप्त चार्टर्ड एकाउन्टेन्ट (Licensed Chartered Accountant) बाट प्रमाणित गरी पेश गर्नु पर्नेछ । यसका अतिरिक्त पछिल्लो वर्षको आधिकारिक लेखापरीक्षण प्रतिवेदन समेत संलग्न गरी पेश गर्नु पर्नेछ ।

(४) प्रबर्द्धक आफैले आयोजना विकास गर्न नसक्ने भएमा अन्य इच्छुक प्रबर्द्धक वा लगानीकर्तासँग संयुक्त उपक्रम (JV) वा छुट्टै कम्पनी Special Purpose Vehicle (SPV) बनाई आर्थिक तथा प्राविधिक क्षमता प्रस्तुत गर्नसक्नेछ । त्यस्तो अवस्थामा प्रवर्द्धकले आपसी समझदारीपत्र (MOU) गरी त्यसको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(५) एउटै व्यक्ति वा संस्थाले एक भन्दा बढी आयोजनाको लागि सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिएमा त्यस्तो दरखास्तवालाले माग गरेको थप आयोजना कार्यान्वयन गर्न सक्ने अतिरिक्त आर्थिक हैसियत (Cumulative Net Worth) स्पष्ट खुलेको कागजात पेश गर्नु पर्नेछ ।

(घ) **प्राविधिक क्षमता सम्बन्धी** : (१) प्रबर्द्धकले प्राविधिक क्षमता सम्बन्धी प्रमाण पेश गर्दा जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन कार्य सम्पन्न गरेको परामर्शदातृ संस्थासँगको सम्झौता वा सहमतिपत्र (MOU) वा आधिकारिक प्रतिवद्धता पत्र (Letter या Commitment) पेश गर्नु पर्नेछ ।

(२) खण्ड (१) बमोजिमको परामर्शदातृ संस्थासँगको MOU मा परामर्शदातृ संस्थाले नेपाल सरकारद्वारा स्वीकृत Guidelines for Study या Hydropower Projects, December 2003 अनुसार कार्य गर्ने प्रतिवद्धता व्यक्त गरेको हुनु पर्नेछ ।

(३) विदेशी परामर्शदातृ संस्थाको हकमा नेपालमा प्रचलित कानून बमोजिम कार्यरत रहेको स्थानीय परामर्शदातृ संस्थालाई पनि संलग्न गर्ने प्रतिवद्धता पेश गरेको हुनु पर्नेछ ।

(ङ) **अनुमतिपत्र नवीकरण गर्ने सम्बन्धी** : (१) प्रबर्द्धकलाई पहिलो पटक सर्वेक्षण अनुमतिपत्र जारी गर्दा एक वर्षको अवधिको लागि मात्र जारी गरिनेछ । सो अवधिभित्र प्रबर्द्धकले आयोजनाको Topographical Mapping, Surface Geological Mapping र Hydrological Study सम्बन्धी कार्य गर्नु पर्ने र त्यसको प्रगति प्रतिवेदन पेश गर्नु पर्ने छ ।

(२) अनुमतिपत्र प्राप्त गर्ने व्यक्ति वा संस्थाले सो अवधिभित्र गर्नु पर्ने प्रमुख कार्यहरुको लक्ष्य (Milestone) दरखास्त दिँदाको समयमा नै निर्धारण गरी पेश गर्नु पर्नेछ ।

(३) खण्ड (१) मा तोकिएको म्यादभित्र काम सम्पन्न हुन नसकेमा Topographical Mapping, Surface Geological Mapping, Hydrological Study लगायतका कार्यहरुको प्रगति मूल्याङ्कन गरी थप एक/एक वर्षको लागि नवीकरण गर्न सकिनेछ । तर सर्वेक्षण अनुमतिपत्रको कूल अवधि पाँच वर्ष भन्दा बढी हुने छैन ।

(४) विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको नवीकरणको लागि अनुमतिपत्रको म्याद समाप्त हुनु अगावै दरखास्त दिनुपर्नेछ । अनुमतिपत्रको म्याद समाप्त भएको दुई महिनाभित्र नवीकरण गर्ने वा नगर्ने निर्णय हुने छ ।

(५) अनुमतिपत्र लिई सकेका प्रबर्द्धकको हकमा आयोजनाको पछिल्लो अवधिको कार्य प्रगतिको आधारमा अनुमतिपत्र नवीकरण गरिनेछ । आयोजनाको कार्य प्रगति नदेखिएमा त्यस्तो अनुमतिपत्र नवीकरण गरिने छैन ।

(६) आयोजनाको कम्तीमा Feasibility Study सम्पन्न गरी IEE/EIA को TOR स्वीकृत भएमा मात्र विद्युत सर्वेक्षणको अनुमतिपत्रको बिक्री वा हस्तान्तरण गर्ने स्वीकृति दिन सकिने छ ।

(च) दोश्रो पटक सर्वेक्षण अनुमतिपत्र दिन सकिने अवस्था कुनै प्रवर्द्धकले अनुमतिपत्र नवीकरणको दरखास्त उक्त अनुमतिपत्र बहाल रहेको म्याद भित्रै दिन नसकी अनुमतिपत्र नवीकरण नभएमा एवं निजबाट पुनः नयाँ अनुमतिपत्रको लागी माग भई आएमा, निजको उक्त क्षेत्रमा पहिलो निवेदन भएमा, सम्पूर्ण प्रक्रिया पुरा भएको र विगतमा अनुमतिपत्र बहाल रहेको अवधिमा कार्य प्रगति पनि सन्तोषजनक पाइएमा नयाँ अनुमतिपत्र दिन सकिनेछ तर यस्तो अनुमतिपत्रको कुल अवधि गणना गर्दा पहिलो अनुमतिपत्रको अवधि पनि गणना गरी जम्मा ५ वर्ष अवधि ननाघिने गरी नयाँ अनुमतिपत्र प्रदान गर्न सकिने छ ।

(छ) **उत्पादन अनुमतिपत्र दिन सकिने विशेष व्यवस्था** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि सर्वेक्षण अनुमतिपत्रको अवधि पाँच वर्ष पुगेको, उत्पादन अनुमतिपत्रको लागि आवश्यक पर्ने सम्पूर्ण अध्ययन तथा कार्यविधि पूरा गरी विभागमा दरखास्त दिएको, Connection Agreement भइसकेको तर विद्युत खरिद सम्झौता भई नसकेको आयोजनाको हकमा प्रबर्द्धकले आयोजना निर्माणमा लैजान सक्ने अवस्था देखिएमा एक वर्षको अवधिभित्र विद्युत खरिद सम्झौता पेश गर्ने शर्त अनुमतिपत्रमा नै उल्लेख गर्ने गरी उत्पादन अनुमतिपत्र जारी गर्न सकिनेछ ।

(२) तर उत्पादन अनुमतिपत्र जारी भएको एक वर्षभित्र विद्युत खरिद सम्झौता पेश गर्न नसकेमा त्यस्तो उत्पादन अनुमतिपत्र स्वतः खारेज हुनेछ ।

(३) त्यस्तो आयोजना कुनै दायित्व तिर्नु बुझाउनु नपर्ने गरी स्वतः नेपाल सरकारको स्वमित्वमा आउनेछ ।

(४) नेपाल सरकारको स्वामित्वमा आएका त्यस्ता आयोजनाको विकास प्रतिस्पर्धाको माध्यमद्वारा गरिने छ ।

(ज) **विविध** : (१) एउटै प्रबर्द्धकले Cascade मा रहेका एकभन्दा बढी जलविद्युत आयोजनाहरुका लागि दरखास्त दिएको अवस्थामा एयधभच ज्यगकभ छुट्टाछुट्टै प्रस्ताव गरेको भए छुट्टाछुट्टै आयोजना मानी छुट्टाछुट्टै अनुमतिपत्र प्रदान गरिने छ ।

(२) सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिँदा अनुमतिपत्र दस्तुर बापतको धरौटी रकम बुझाएको सक्कल रसिद सोही दरखास्तसाथ अनिवार्य रुपले संलग्न गर्नु पर्ने छ । अनुमतिपत्र दस्तुर बापतको धरौटी रकम बुझाएको सक्कल रसिद दरखास्तसँगै संलग्न नगरिएको दरखास्त उपर कारवाही गरिने छैन ।

(३) सर्वेक्षण अनुमतिपत्रको लागि प्रबर्द्धकबाट राखेको धरौटी निजलाई अनुमतिपत्र दिन नसकिने भएमा वा प्रबर्द्धकले आफ्नो दरखास्त उपर कारबाही नगरी धरौटी रकम फिर्ता पाउँ भनी दरखास्त दिई धरौटी फिर्ता गर्न माग गरेमा निजको धरौटी रकम फिर्ता दिइने छ ।

(४) कसैले आयोजनाको क्षमता वृद्धिको लागि माग गरेमा सुरु जारी मितिदेखि नै क्षमता वृद्धि भएको मानी सो अनुसार अनुमतिपत्र दस्तुर असुल गर्नु पर्नेछ ।

(५) विद्युत नियमावली, २०५० को मिति २०६४।५।२४ को संशोधन हुनुभन्दा पहिले जारी अनुमतिपत्रको हकमा संशोधन बमोजिमकै अनुमतिपत्र दस्तुर लिइने छ ।

(६) विद्युत उत्पादनको अनुमतिपत्र जारी भई सकेका आयोजनाहरुको विद्युत खरिद सम्झौता रद्द भएको अवस्थामा उक्त उत्पादन अनुमतिपत्र रद्द गरिने छ ।

४. **ठूला जलविद्युत आयोजनाको अनुमतिपत्र व्यवस्थापन कार्यविधि (एकसय मेगावाटदेखि माथिका)** :

(क) **सर्वेक्षणको अनुमतिपत्र दिने सम्बन्धी** : (१) एक सय मेगावाटभन्दा बढी क्षमता भएका जलविद्युत आयोजनाको विकास गर्न चाहने संस्थाले विद्युत उत्पादनको सर्वेक्षणको अनुमतिपत्र पाउनको लागि देहाय बमोजिमको विवरण र कागजात संलग्न गरी विद्युत विकास विभागमा दरखास्त दिनु पर्नेछ :

(क) विद्युत नियमावली, २०५० को अनुसूची–२ बमोजिमको ढाँचामा दरखास्त ( विद्युत उत्पादन गर्ने क्षमता, माग गरेको सर्वेक्षण क्षेत्रको अक्षांश र देशान्तर समेत),

(ख) दरखास्तमा माग गरेको विद्युत उत्पादनको क्षमता अनुसारको अनुमतिपत्र दस्तुर बापतको धरौटी रकम बुझाएको सक्कल रसिद,

(ग) Desk Study Reports (अध्ययन कार्यको Detailed Cost Breakdown र Works Schedule एवम् आयोजनाको Hydrological Analysis सहित)

(घ) संस्थाको दर्ता प्रमाणपत्र, प्रवन्धपत्र र नियमावली,

(ङ) आर्थिक क्षमता (कार्यविधि अनुसार),

(च) प्राविधिक क्षमता (कार्यविधि अनुसार),

(छ) १:२५,०००/१:५०,००० स्केलका नापी विभागद्वारा प्रकाशित स्थलरुपी नक्सा (ORIGINAL TOPO MAP) मा रेखांकन गरिएको अक्षांश देशान्तर खुलेको प्रोजेक्ट लेआउट,

(ज) संयुक्त उपक्रम (Joint Venture) द्वारा आयोजना विकास गर्ने भए सो सम्बन्धी समझदारी पत्र,

(झ) सम्पर्क गर्ने आधिकारिक व्यक्तिको विवरण, पत्राचार गर्ने स्पष्ट ठेगाना र प्रबर्द्धकको सम्पर्क फोन नं. (कार्यालय, निवास, मोबाइल), फ्याक्स नं., पो.व.नं., इमेल आदि,

(ञ) प्रबर्द्धकको तर्फबाट नियुक्त गरिएको अख्तियार प्राप्त व्यक्ति (Power या Attorney),

(ट) विद्युत उत्पादनको सर्वेक्षण (विस्तृत सम्भाव्यता अध्ययन र वातावरणीय अध्ययन) कार्यको कार्यतालिका (बढीमा तीन वर्षको हुनुपर्ने),

(२) सरकारद्वारा तयार गरिएका विद्यमान् तीनवटा गुरुयोजनाहरु (सप्तगण्डकी, कोशी र कर्णाली/महाकाली गुरुयोजना) मा पहिचान भएका मुख्य मुख्य आयोजनाहरुसँग तात्विकरुपले प्रतिकूल असर नपर्ने गरी इच्छुक प्रबर्द्धकबाट रीतपूर्वक प्राप्त हुन आएका दरखास्तउपर Case by Case Basis मा कारवाही अघि बढाइने छ । यसो गर्दा परेको पहिलो दरखास्तले कारवाहीको लागि पहिलो प्राथमिकता पाउने छ ।

तर देहायको अवस्था रहेको देखिएमा प्राथमिकताको अन्य क्रममा रहेका दरखास्त उपर कारवाही गर्न बाधा पर्ने छैन :

(क) पहिलो दरखास्तवालाले एक भन्दा बढी आयोजनाका लागि दरखास्त दिएको रहेछ भने त्यस्तो दरखास्तवालाले आवश्यक पर्ने आर्थिक हैसियत प्रमाणित गर्न नसक्ने भएमा,

(ख) पहिले नै कुनै आयोजनाको लागि अनुमतिपत्र प्राप्त गरेको तर उक्त आयोजनाको मनासिव माफिकको कार्य प्रगति गर्न नसकेको,

(ग) कसैले आयोजनाको अनुमतिपत्र लिएको तर आयोजना विकास गर्नु अगाडि उक्त अनुमतिपत्र बिक्री गरेको,

(३) कुनै दरखास्तवालाले कुनै आयोजनाको लागि अनुमतिपत्र प्राप्त गरिसकेको रहेछ र निजले थप कुनै आयोजनाको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिएको रहेछ भने निजको दरखास्त प्राथमिकताको क्रममा पहिलो भएको कारणले मात्रै निजको सर्वेक्षण अनुमतिपत्र प्राप्त गर्न सक्ने हक स्थापित भएको मानिने छैन ।

(४) कुनै आयोजना विकास गर्नको लागि दिएको दरखास्त अनुसार माग भएको क्षेत्र अन्य अनुमतिपत्रको क्षेत्रसँग दोहोरो परेमा उक्त दरखास्त उपर कारबाही गरिने छैन ।
तर आंशिक रुपमा दोहोरो परेमा दोहोरो नपरेको क्षेत्रमा आयोजना सम्भाव्य हुने भएमा मात्र कारबाही गर्न सकिनेछ ।

(५) प्रबर्द्धकबाट माग भएको सर्वेक्षण क्षेत्र अन्य आयोजनाको क्षेत्रसँग दोहोरो पर्ने देखिएको तर जलस्रोतको उपयोग दोहोरो पर्ने नदेखिएमा पहिले अनुमतिपत्र लिएको आयोजनासँग समन्वय गर्ने शर्त राखी अनुमतिपत्र जारी गर्न सकिने छ ।

(६) प्रचलित कानून बमोजिम राष्ट्रिय निकुञ्ज, वन्य जन्तु आरक्ष वा संरक्षण क्षेत्र भित्र पर्ने आयोजनाको हकमा सर्वेक्षण अनुमतिपत्र जारी गरेको ६ महिनाभित्र वन तथा भू-संरक्षण मन्त्रालयबाट अध्ययनको सहमति प्रबर्द्धकले विभागमा पेश गर्नु पर्ने छ । सो अवधिभित्र त्यस्तो सहमति पेश गर्न नसकेमा सो सर्वेक्षण अनुमतिपत्र रद्द हुने छ । सर्वेक्षण अनुमतिपत्र जारी गर्दा अनुमतिपत्रमा नै यो शर्त उल्लेख गरिने छ ।

(ख) **हाईड्रोलोजिकल तथ्याङ्क सम्बन्धी** : (१) पहिलोपटक अनुमतिपत्र प्रदान गर्ने प्रयोजनको लागि प्रस्तावित आयोजनाको न्यूनतम जडित क्षमता यकिन गर्न दरखास्तवालाले उपलब्ध गराएको Hydrological Time Series Data को Probability of Exceedence 40% (Q40) लाई विद्युत विकास विभागले आधार बनाउने छ ।

(२) दरखास्तवालाले उपलब्ध गराएको तथ्यांकमा तात्विक फरक रहेको पाइएमा विद्युत विकास विभागले उपलब्ध भएको तथ्यांकलाई आधार मानी न्यूनतम जडित क्षमता कायम गर्न सक्नेछ । तर दरखास्तमा नै सो सीमाभन्दा कम क्षमता उल्लेख भएको भए त्यसैलाई नै मान्यता दिइने छ ।

(३) यसरी परिमार्जित जडित क्षमता दरखास्तमा उल्लेख भएको भन्दा बढी हुन आएमा नियमानुसारको अनुमतिपत्र दस्तुर बापतको धरौटी दरखास्तवालाबाट थप गर्न लगाई प्रक्रिया अगाडि बढाउनु पर्नेछ ।

(ग) **आर्थिक क्षमता सम्बन्धी** : (१) अनुमतिपत्र जारी गर्ने प्रयोजनको लागि विद्युत विकास विभागले प्रबर्द्धकको नेट वर्थ (Net Worth) लाई आधार मानी आयोजनाको लागत प्रति मेगावाट दश करोड रुपैयाँ कायम गर्नेछ ।

(२) प्रबर्द्धकले आयोजनाको कुल लागतको बीस प्रतिशत लगानी (Equity) को हिसाबले हुन आउने रकमको कम्तीमा पाँच प्रतिशत (अर्थात् कुल लागतको एक प्रतिशत) रकम बराबरको नेट वर्थ (Net Worth) रहेको प्रमाणीत कागजात वा पछिल्लो दुई महिनासम्म कायम रहेको आधिकारिक तरल सम्पतिको विवरण (Liquid Asset Statement) विद्युत विकास विभाग समक्ष पेश गरेको गर्नु पर्नेछ ।

(३) प्रबर्द्धकले आफ्नो कायम रहेको नेट वर्थ (Net Worth) अनुमतिपत्र प्राप्त स्थानीय चार्टर्ड एकाउन्टेन्ट (Licensed Chartered Accountant) बाट प्रमाणित गरी पेश गर्नु पर्नेछ । यसका अतिरिक्त पछिल्लो वर्षको आधिकारिक लेखापरीक्षण प्रतिवेदन समेत संलग्न गरी पेश गर्नु पर्नेछ ।

(४) प्रबर्द्धक आफैले आयोजना विकास गर्न नसक्ने भएमा अन्य इच्छुक प्रबर्द्धक वा लगानीकर्तासँग संयुक्त उपक्रम (JV) वा छुट्टै कम्पनी Special Purpose Vehicle

(SPV) बनाई आर्थिक तथा प्राविधिक क्षमता प्रस्तुत गर्न सक्नेछ । त्यस्तो अवस्थामा प्रवर्द्धकले आपसी समझदारीपत्र (MOU) को प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(५) एउटै व्यक्ति वा संस्थाले एक भन्दा बढी आयोजनाको लागि सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिएमा त्यस्तो दरखास्तवालाले माग गरेको थप आयोजना कार्यान्वयन गर्न सक्ने अतिरिक्त आर्थिक हैसियत (Cumulative Net Worth) स्पष्ट खुलेको कागजात पेश गर्नु पर्नेछ ।

(घ) **प्राविधिक क्षमता सम्बन्धी** : (१) प्रवर्द्धकले प्राविधिक क्षमता सम्बन्धी प्रमाण पेश गर्दा जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन कार्य सम्पन्न गरेको परामर्शदातृ संस्थासँगको संझौता सहमतिपत्र (MOU) वा आधिकारिक प्रतिवद्धता पत्र (Letter of Commitment) पेश गर्नु पर्नेछ ।

(२) त्यसरी नियुक्त हुने परामर्शदातृ संस्थाले प्राविधिक क्षमता प्रमाणित गरेको प्रस्तावित आयोजनाको कम्तीमा आधा क्षमताको जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन स्तरको कार्य पूरा गरेको हुनु पर्नेछ । तर दुईसय मेगावाट क्षमताको जलविद्युत आयोजनाको अध्ययन गरी सकेको भए जुनसुकै क्षमताको जलविद्युत आयोजनाको लागि योग्य मानिने छ ।

(३) विदेशी परामर्शदातृ संस्थाको हकमा नेपालमा प्रचलित कानून बमोजिम कार्यरत रहेको स्थानीय परामर्शदातृ संस्थालाई पनि संलग्न गर्ने प्रतिवद्धता पेश गरेको हुनु पर्नेछ ।

(४) खण्ड (१) बमोजिमको परामर्शदातृ संस्थासँगको MOU मा परामर्शदातृ संस्थाले नेपाल सरकारद्वारा स्वीकृत Guidelines for Study या Hydropower Projects, December 2003 अनुसार कार्य गर्ने प्रतिवद्धता व्यक्त गरेको हुनु पर्नेछ ।

(ङ) **अनुमतिपत्र नवीकरण गर्ने सम्बन्धीः** (१) प्रबर्द्धकलाई पहिलो पटक सर्वेक्षण अनुमतिपत्र जारी गर्दा दुई वर्षको अवधिको लागि प्रदान गरिनेछ ।

(२) अनुमतिपत्र प्राप्त गर्ने व्यक्ति वा संस्थाले सो अवधिभित्र गर्नु पर्ने प्रमुख कार्यहरुको लक्ष्य (Milestone) दरखास्त दिँदाको समयमा नै निर्धारण गरी पेश गर्नु पर्नेछ ।

(३) प्रबर्द्धकले दरखास्त साथ पेश गरेका प्रमुख कार्यहरुको लक्ष्य (Milestone) का अतिरिक्त स्थलरुपी नक्सा (Topographical Mapping), भौगर्भिक अध्ययन (GeoTechnical Investigation), Hydrological Studies र वातावरणीय प्रभाव मूल्यांकन (EIA) अध्ययनको लागि Scoping प्रतिवेदन र Terms या Reference (ToR) पेश गर्नु पर्ने कार्य गर्नु पर्ने छ । यो शर्त सर्वेक्षण अनुमतिपत्रमा उल्लेख गरिने छ ।

(४) खण्ड (३) मा उल्लेख भएका प्रमुख कार्यहरुको लक्ष्य (Milestone) दुई वर्षभित्र पूरा गरी सक्नु पर्नेछ । उक्त कार्य पुरा गरेमा एक वर्षका लागि अनुमतिपत्रको नवीकरण गरिने अन्यथा अनुमतिपत्रको नवीकरण नगरिने व्यहोरा अनुमतिपत्रमा खुलाउनु पर्नेछ । तत्पश्चात् प्रबर्द्धकले गरेको कार्यप्रगतिको आधारमा मात्र नवीकरण गरिने छ ।
तर सर्वेक्षण अनुमतिपत्रको कूल अवधि पाँच वर्षभन्दा बढी हुने छैन ।

(५) विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको नवीकरणको लागि अनुमतिपत्रको म्याद समाप्त हुनु अगावै दरखास्त दिनुपर्नेछ । अनुमतिपत्रको म्याद समाप्त भएको दुई महिनाभित्र नवीकरण गर्ने वा नगर्ने निर्णय हुने छ ।

(६) यो कार्यविधि स्वीकृत हुनु अगाडि दिएका अनुमतिपत्रहरुको हकमा समेत एकसय मेगावाट भन्दा बढी क्षमता कायम गर्न संशोधनका लागि दरखास्त दिएको भएमा वा नवीकरणका लागि दरखास्त दिएको अबस्थामा समेत यस कार्यविधि बमोजिमका शर्त लागू हुनेछ ।

(७) आयोजनाको कम्तीमा Feasibility Study सम्पन्न गरी IEE/EIA को TOR स्वीकृत भएमा मात्र विद्युत सर्वेक्षणको अनुमतिपत्रको बिक्री वा हस्तान्तरण गर्ने स्वीकृति दिन सकिने छ।

(च) **विविध** : (१) एउटै प्रबर्द्धकले Cascade मा रहेका एकभन्दा बढी जलविद्युत आयोजनाहरुका लागि दरखास्त दिएको अवस्थामा Power House छुट्टाछुट्टै प्रस्ताव गरेको भए छुट्टाछुट्टै आयोजना मानी छुट्टाछुट्टै अनुमतिपत्र प्रदान गरिने छ।

(२) आयोजनाको लागि सामान्यतया पहिला दर्ता भएको दरखास्तवालालाई माथि उल्लिखित प्राविधिक तथा आर्थिक क्षमताको प्रमाण पेश गर्न दुई महिनाको समय प्रदान गरिने छ। उक्त समय कम भई थप म्याद माग भएमा अर्को एक महिनासम्म थप समय प्रदान गर्न सकिने छ। उक्त समयभित्र पनि प्रबर्द्धकले आवश्यक प्रमाण र कागजात विद्युत विकास विभागमा पेश गर्न नसकेमा उक्त दरखास्त रद्द गरी धरौटी बापत प्राप्त रकम फिर्ता दिइने छ।

(३) सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिँदा अनुमतिपत्र दस्तुर बापतको धरौटी रकम बुझाएको सक्कल रसिद सोही दरखास्तसाथ अनिवार्य रुपले संलग्न गर्नु पर्ने छ। अनुमतिपत्र दस्तुर बापतको धरौटी रकम बुझाएको सक्कल रसिद दरखास्तसँगै संलग्न नगरिएको दरखास्त उपर कारवाही गरिने छैन।

(४) सर्वेक्षण अनुमतिपत्रको लागि प्रबर्द्धकबाट राखेको धरौटी निजलाई अनुमतिपत्र दिन नसकिने भएमा वा प्रबर्द्धकले आफ्नो दरखास्त उपर कारबाही नगरी धरौटी रकम फिर्ता पाउँ भनी दरखास्त दिई धरौटी फिर्ता गर्न माग गरेमा निजको धरौटी रकम फिर्ता दिइने छ।

(५) कसैले आयोजनाको क्षमता वृद्धिको लागि माग गरेमा सुरु जारी मितिदेखि नै क्षमता वृद्धि भएको मानी सो अनुसार अनुमतिपत्र दस्तुर असुल गर्नु पर्नेछ।

(६) विद्युत नियमावली, २०५० को मिति २०६४।५।२४ को संशोधन हुनुभन्दा पहिले जारी अनुमतिपत्रको हकमा संशोधन बमोजिमकै अनुमतिपत्र दस्तुर लिइने छ।

(७) एकसय मेगावाटभन्दा बढी क्षमता भएका Run of River / Peaking Run of River प्रकृतिका आयोजनाहरुको हकमा एक भन्दा वढी आयोजनाहरुको सर्वेक्षण अनुमतिपत्र एउटै संस्थालाई दिँदा कूल क्षमता १,००० (एकहजार) मेगावाट ननाघ्ने गरी दिन सकिने छ। तर एउटै आयोजनाको क्षमता १,००० (एकहजार) मेगावाटभन्दा बढी भएमा यो व्यवस्था लागू हुने छैन।

५. **सरकारले अध्ययन गरेका आयोजनाहरु सम्बन्धी व्यवस्था** : (१) नेपाल सरकारले अध्ययन गरेका जलविद्युत आयोजनाहरुको प्रबर्द्धन र विकास खुला प्रतिस्पर्धाको माध्यमद्वारा गरिने छ।

(२) सरकारले आफूले अध्ययन गरिरहेको, अध्ययनको लागि छनौट भएको एवम् वार्षिक कार्यक्रममा समावेश भएका आयोजनाहरुसँग दोहोरो पर्ने गरी प्राप्त भएका दरखास्तहरु उपर कारवाही गरिने छैन।

(३) खण्ड (२) बमोजिम दरखास्तवालाले जम्मा गरेको धरौटी दरखास्तवालालाई फिर्ता दिइने छ।

६. **जलाशययुक्त आयोजनाहरु सम्बन्धी व्यवस्था** : (१) सरकारले तयार पारेका विद्यमान् ३ वटा गुरुयोजनाहरु (कोशी, गण्डकी, कर्णाली-महाकाली) मा पहिचान भएका जलाशययुक्त आयोजनाहरुको सम्बन्धमा गुरुयोजनासँग तात्विकरुपले प्रतिकूल असर नपर्ने गरी Case by Case Basis मा दरखास्तहरुको छानविन गरी यही कार्यविधि बमोजिम अनुमतिपत्र प्रदान गरिने छ।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एकसय मेगावाटभन्दा ठूला जलाशययुक्त आयोजनाहरुको सर्वेक्षण अनुमतिपत्र जारी गर्दा एउटा प्रबर्द्धकलाई एउटा मात्र आयोजनाको अनुमतिपत्र प्रदान गरिने छ ।

(३) जलाशययुक्त आयोजनाको जडित क्षमता निर्धारण गर्दा प्रस्तावकले पहिलोपटक दरखास्त दिँदा मास्टर प्लानमा भएका जलाशययुक्त आयोजनाहरुको हकमा उक्त दस्तावेजमा उल्लेखित जडित क्षमतामा कम नहुने गरी अनुमतिपत्र प्रदान गरिने छ तथा मास्टर प्लानमा नभएका आयोजनाहरुको हकमा प्रस्तावकले उल्लेख गरेको क्षमतालाई नै मान्यता दिइने छ र प्रस्तावकले सोही बमोजिम अनुमतिपत्र दस्तुर बुझाउनु पर्ने छ । तर अध्ययनको क्रममा आयोजनाको क्षमता वृद्धि भएमा संशोधित क्षमता अनुसारको अनुमतिपत्र दस्तुर अनुमतिपत्र प्राप्त गरेको मितिबाटै बुझाउनु पर्ने छ ।

(४) जलाशययुक्त आयोजनाहरुको हकमा आयोजनाको प्रकृति तथा स्वरुपको आधारमा थप शर्त तथा बन्देजहरु राख्न सकिने छ ।

७. **बहुउद्देश्यीय/वृहत् आयोजनाहरु सम्बन्धी व्यवस्था** : (१) सरकार संलग्न भई अगाडि बढाइएका वृहत र बहुउद्देश्यीय आयोजनाहरु जस्तैः सप्तकोशी उच्च बाँध तथा सुनकोशी स्टोरेज कम कमला डाइभर्सन आयोजना, पञ्चेश्वर बहुउद्देश्यीय आयोजना, कर्णाली-चिसापानी बहुउद्देश्यीय आयोजना, भेरी-बबई डाइभर्सन, शारदा-बबई जस्ता आयोजनाहरु नेपाल सरकारले निर्णय गरे अनुसार छुट्टै प्रक्रियाबाट प्रबर्द्धन र विकास गरिने छ ।

(२) यस्ता आयोजनाहरुको सर्वेक्षण एवम् उत्पादन अनुमतिपत्र जारी गरिने छैन ।

(३) यस्ता आयोजनाहरुका लागि परेका दरखास्तहरु रद्द गरिने छन् ।

(४) खण्ड (३) बमोजिम दरखास्तवालाले जम्मा गरेको धरौटी दरखास्तवालालाई फिर्ता दिइने छ ।

जारी मिति : २०६७।२।१४

नेपाल सरकार
ऊर्जा मन्त्रालय

पहिलो संशोधन मिति २०६७।९।९

# जलविद्युत आयोजनाको अनुमतिपत्र व्यवस्थापन सम्बन्धी (आन्तरिक) कार्यविधि, २०६७

१. कुनै कम्पनीको प्रकृतिमा भएको परिवर्तन वा त्यसको शेयर संरचनामा कुनै परिवर्तन भएमा सो को जानकारी अनिवार्य रुपमा उर्जा मन्त्रालय/विभागलाई गराउनु पर्ने छ र यसरी संस्थापित कम्पनीको आर्थिक क्षमता कम्तीमा पनि मिति २०६७।२।१४ को स्वीकृत कार्यविधि बमोजिम हुनुपर्ने छ ।

२. सर्वेक्षण अनुमतिपत्र जारी भै अध्ययन पूरा हुन नसकेका वा अनुमतिपत्र नवीकरण नभएका वा अनुमतिपत्रको अवधीभित्र उल्लेखनीय रुपमा आयोजनाको संभाव्यता अध्ययनसम्बन्धी प्रगति गरेका तर कुनै कारणवाट निर्माणमा जान नसक्ने भएका आयोजनाहरुलाई मन्त्रीस्तरीय निर्णयबाट गठित संयन्त्रले पुनरावलोकन गरी प्रतिस्पर्धाबाट अनुमतिपत्र जारी गर्ने वा अन्य उपयुक्त विकल्पबाट आयोजना विकास गर्ने भन्ने विषयमा सिफारिस गर्नेछ । अनुमतिपत्र जारी गर्दा वा अनुमतिपत्र नवीकरण गर्दा समेत उक्त संयन्त्रले पुनरावलोकन गरी सिफारिस गरेको आधारमा सो सम्बन्धी विषयको अन्तिम निर्णय गरिने छ ।

३. विद्युत वजारको अवस्था अनुसार अल्पकालीन विद्युत खरिद बिक्री सम्झौता भएको अवस्थामा आन्तरिक र निर्यातमुखी आयोजनाहरुलाई विद्युत उत्पादनको अनुमतिपत्र दिन सकिने छ ।

४. विद्युत उत्पादन अनुमतिपत्रको लागि आवेदन गरिसकेका बाहेक सोही प्रबर्धकको हकमा ३ तीन वटा भन्दा वढी आयोजनाको जलविद्युत उत्पादन सर्वेक्षण अनुमतिपत्र प्रदान गरिने छैन ।

५. जलविद्युत उत्पादन सर्वेक्षण अनुमतिपत्रको लागि आवेदन गर्ने प्रबर्द्धकले अनुमतिपत्रको लागि आवेदन गर्दा वा नवीकरण गर्दा उक्त कार्यमा एक भन्दा बढी व्यक्ति वा संस्थाको संलग्नता रहने भएमा सवै सेयर सदस्यको स्वामित्वको अद्यावधिक विवरणको कागजात पेश गर्नुपर्ने छ ।

६. विद्युत उत्पादन सर्वेक्षण अनुमतिपत्र प्राप्त प्रबर्द्धकले आयोजनाको क्षमता तथा क्षेत्र संशोधनको लागि अनुमतिपत्रको अवधि ३ वर्ष ननाघ्दै माग गर्नुपर्ने छ । तर कुनै कारणले सो अवधीपश्चात् संशोधन स्वीकृत माग भएमा त्यस्तो संशोधन स्वीकृत भएको कारणले सर्वेक्षणको कूल अवधी थप हुने छैन ।